मिति : २०७८/०३/०८

# संयुक्त विज्ञप्ती

नेपाल सरकारले २०७५ मंसिर ११ गते औपचारिक तथा अनौपचारिक, निजी क्षेत्रमा कार्यरत सम्पूर्ण श्रमिकहरुलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराई उनीहरुको आर्थिक र सामाजिक जोखिम न्यूनिकरण गर्ने उद्देश्य राखी श्रमिकहरुको लागि "नयाँ युगको शुरुवात" भन्दै योगदानमा आधारित सामाजिक सुरक्षा योजना ल्याएको कुरा सर्वविदितै छ । यस योजनाको परिकल्पना अनुसार वर्तमान अवस्थामा सर्वप्रथम सामाजिक सुरक्षाको न्यूनतम सुविधाबाट बञ्चित लाखौं श्रमिक, कामदार/कर्मचारीहरुलाई समेटिनु पर्छ भन्ने कुरामा कसैको विमति नहोला । विडम्बना विगत देखि नै राम्रो र आकर्षक सामाजिक सुरक्षा पाईरहेका बैंक तथा वित्तीय संस्थाहरु र बीमा कम्पनीका कर्मचारीहरुलाई यस योजनामा जोड्न सामाजिक सुरक्षा कोष मरिहत्ते गरेर लाग्नु राज्यले परिकल्पना गरेको योजना र उद्देश्य विपरीत हिडेको हाम्रो ठम्याई छ ।

सामाजिक सुरक्षा कोषको विद्यमान ऐन, नियमावली र कार्यविधिमा व्यवस्था भएका योजना र शर्त बमोजिम बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीहरु सामाजिक सुरक्षा कोषमा आबद्ध हुँदा यस क्षेत्रमा कार्यरत कर्मचारीहरुले विगत तीन दशक देखि सामुहिक सौदावाजी गरी प्राप्त गरेका सेवा सुविधाहरुबाट विमुख हुनुपर्ने अवस्था श्रृजना भएको छ ।

*बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीका कर्मचारीहरुले बारम्बार उठाई रहेका विषयहरुलाई कोषले कुनै सुनुवाई नगरी एकतर्फी रुपमा अगाडि बढीरहेकोले कोषको उक्त रवैया प्रति हाम्रो विमति रहेको छ ।* हाल सामाजिक सुरक्षा कोषको अस्वभाविक दबाबको कारण वित्तीय क्षेत्रमा आतङ्ग सृजना भएको छ जसको कारण यस क्षेत्रमा कार्यरत कर्मचारीहरुमा मनोवैज्ञानिक प्रभाव परी समग्र वित्तीय क्षेत्रका कर्मचारीहरुको मनोबलमा समेत ह्रास आई कर्मचारीहरुको उत्पादकत्वमा प्रभाव परेको कारण समग्र वित्तीय क्षेत्रमा नकारात्मक प्रभाव पर्ने जोखिम बढ्दै गएको छ । तसर्थ, हामी विद्यमान सामाजिक सुरक्षा कोषको विद्यमान योजनामा समाहित हुन असमर्थ रहेको व्यहोरा जानकारी गराउँदछौं ।

हामीले विभिन्न समयमा सुझावको रुपमा पेश गरिएका तपसिलमा उल्लेखित विषयवस्तुहरुलाई ऐन, नियमावली तथा कार्यविधिमा संशोधन गरी कोषमा आबद्ध हुने वातावरण मिलाउन हार्दिक आग्रह गर्दछौं । अन्यथा, हाम्रा सुझावहरुलाई वेवास्ता गरी यस क्षेत्रमा अनावश्यक डर, त्रास र दबाब श्रृजना गरेमा हामीहरु सशक्त रुपमा आन्दोलनका कार्यक्रमहरु तय गरी प्रतिकारमा उत्रन बाध्य हुने व्यहोरा जानकारी गराउँदछौं । यसबाट पर्न जाने सम्पूर्ण क्षतिको जिम्मेवार सम्बन्धित निकाय नै हुने व्यहोरा समेत जानकारी गराउँदछौं ।

## तपसिल

१. नेपालको संविधानमा व्यवस्था भएका समानताको हक, सम्पत्तिको हक, श्रमको हक र उपभोक्ताको हक जस्ता मौलिक हकहरुको प्रतिकुल हुनेगरी योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको ऐन, नियमावली र कार्यविधिका कतिपय प्रावधानहरु रहेकोले संशोधन गरी श्रमिक मैत्री बनाउनु पर्ने ।

२. श्रम ऐन, २०७४ को दफा ३४(३) मा कर्मचारीहरुले खाईपाई आएको सेवासुविधा घटाउन पाइने छैन भन्ने व्यवस्था विपरित सामाजिक सुरक्षा कार्यविधिका व्यवस्थाहरुले खाईपाई आएको सुविधा घट्ने/कटौती नहुने भनी सामाजिक सुरक्षा ऐनद्वारा यसको पूर्ण प्रत्याभूति गर्नुपर्ने ।

Scanned with CamScanner

३. ILO अभिसन्धी, १९४९ (नं.९८), नेपालको संविधान र नेपालको श्रम ऐन, २०७४ ले प्रत्याभूत गरेको सामूहिक सौदाबाजी गर्न पाउने अधिकार कुण्ठित हुनेगरी योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा ६४ मा भएको व्यवस्था अविलम्ब खारेज गर्नुपर्ने ।

४. श्रम ऐन, २०७४ को दफा ५२ र ५३ अनुसार कानुन बमोजिम स्थापित स्वीकृत प्राप्त अन्य अवकाश कोषमा रहेको सञ्चयकोष तथा उपदान बापतको रकम सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्नुपर्ने व्यवस्था एकातिर छ भने कार्यविधिको दफा १९(४) (ग) मा योगदानमा शुरु गरेको मिति भन्दा अगाडिको सञ्चयकोष र उपदान बापतको रकम कोषमा हस्तान्तरण गर्न नचाहेमा सम्बन्धित श्रमिकले आफैंले भुक्तानी लिन वा अन्य अवकाश कोषमा रहेको रकम सोही कोषमा राख्न सक्ने व्यवस्थालाई ऐनमा व्यवस्था गरिनु पर्ने । साथै, विद्यमान कार्यविधिमा रहेको दोहोरो करको भार खारेज गर्नुपर्ने ।

५. निवृत्तभरण कोष ऐन, २०७५ मा सरकारी कर्मचारीहरुको योगदानमा आधारित सामाजिक सुरक्षामा उल्लेखित व्यवस्थाहरु सामाजिक सुरक्षा कोषमा आबद्ध हुने सम्पूर्ण योगदानकर्ताको हकमा समेत लागु हुनेगरी व्यवस्था गर्नुपर्ने । सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ मा भएका व्यवस्थाहरुलाई संशोधन सहित योगदानमा आधारित सामाजिक सुरक्षा ऐनमा नै समावेश गरिनुपर्ने ।

६. सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधिको बुंदा नं.२४ग. अनुसार योगदानकर्ताले निवृत्तभरणप्राप्त गर्न शुरु गरेपछि १८० महिना निवृत्तभरण नपाउँदै निजको मृत्यु भएमा निजको पति/पत्नीको वैकल्पिक रोजगारी भएमा योगदानकर्ताले आफ्नो जीवनकालभर जम्मा गरेको रकम समेत निजको परिवार वा निजले इच्छाएको व्यक्तिले रकम फिर्ता पाउने सुनिश्चिता गरिनुपर्ने ।

७. सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधिको बुंदा नं.३४ मा सामाजिक सुरक्षा योजनालाई जुनसुकै बेला स्थगन गर्न सक्ने व्यवस्थाले गर्दा आफूले गरेको योगदान रकम सुरक्षित नहुने त्रास सम्पूर्ण कर्मचारीहरुमा परेकोले तत्काल सामाजिक सुरक्षा ऐनमा संशोधन गरी स्थगन नहुने प्रत्याभूति गरिनुपर्ने ।

८. सरकारी कर्मचारीलाई तर्जुमा गरिएको निवृत्तभरण कोष ऐन, २०७५ को दफा १५ अनुसार सरकारी कर्मचारी भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरीने गरि बर्खास्त नै भएमा पनि निजको तलवबाट कट्टी भएको रकम र सोमा पाकेको व्याज एकमुष्ठ फिर्ता पाउंछ । यसै गरी सोही ऐनको दफा १९ को व्यबस्थाले कोषमा जम्मा भएको सरकारी कर्मचारीको रकममा साहुको दावी नलाग्ने, फौजदारी अभियोगमा अदालतबाट सर्वस्व जफत हुने फैसला भएमा वा सरकारी बांकी असुल गर्नुपर्ने भएमा पनि कोषमा जम्मा भएको रकमबाट लिन नपाउने व्यवस्था गरिएबाट हामी निजि क्षेत्रका कर्मचारीहरुको रकममा सुरक्षा नभएकोले नेपालको संबिधानले प्रत्याभुत गरेको हक अधिकार बिपरित असमान भएको हुंदा समान व्यबहार गरिनुपर्ने ।

९. सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधिको बुंदा नं. ३६ मा कार्यविधिमा कुनै संशोधन गर्नुपर्ने भएमा संचालक समितिको सिफारिसमा मन्त्रालयले जुनसुकै बेला संशोधन गर्न सक्ने व्यवस्था रहेको हुँदा कोषको योजनाको स्थायित्वको लागि सामाजिक सुरक्षा ऐनमा व्यवस्था गर्नुपर्ने ।

१०. योगदान रकमको बाँडफाँड गर्दा कुन आधारमा उपदान बापतको रकम अवकाशका बखतमा दिने र सञ्चयकोष बापतको रकम निवृत्तभरण योजनामा पेन्सनका रुपमा दिने भन्ने प्रष्ट मापदण्ड र आधार छैन् । अतः वृद्ध अवस्था सुरक्षा योजनाबाट सञ्चयकोष बापतको रकम ब्याज सहित अवकाशका बखत एकमुष्ठ रुपमा पाउने र उपदान बापतको रकम योगदानको आधारमा वृद्धावस्था सुरक्षा योजनामा लागु

Scanned with CamScanner

हुनुपर्ने सुनिश्चित हुनुपर्ने र अवकाशका बखत प्रदान गरिने अवकाश रकम तथा सो बापत जम्मा भएको मुनाफा बापतको रकममा आयकर पूर्ण रुपमा छुट हुनुपर्ने ।

११. आफ्नो नाममा जम्मा भएको रकमको सामाजिक सुरक्षा कोषमा आबद्ध भएको ३ वर्ष पछि ८० प्रतिशत मात्र लिन पाउने व्यवस्था संशोधन गरी ९० प्रतिशतसम्म जुनसुकै बेलामा कर्जा लिन पाउने व्यवस्था हुनुपर्ने ।

१२. २०७८ साल साउन १ गते वा त्यसभन्दा पछि योगदान गर्ने कर्मचारीहरुको योगदानको रकम बाँडफाँड सम्बन्धि व्यवस्थालाई हेर्दा साँवा रकम फिर्ता नभई योगदान रकमको करिब ७ प्रतिशतले हिसाब गर्दा पाउने ब्याज बराबरको रकम मात्र निवृत्तभरण योजनामा पेन्सन स्वरुप पाउने व्यवस्था गरिएको देखिन्छ । उक्त रकमलाई बैंकमा राख्दा समेत त्यो भन्दा बढी ब्याज आर्जन गरी साँवा समेत सुरक्षित रुपमा फिर्ता प्राप्त हुनेहुंदा कोषको योगदानमा प्राप्त हुने प्रतिफल अझ आकर्षक हुनुपर्ने ।

१३. बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीहरुको सेवा सुविधा र सामाजिक सुरक्षाले गर्दा स्वदेशमा बसेर आफू र आफ्ना आश्रितहरुको सुखद् भविष्यको आशामा मातृभूमिमा रगत पसिना बगाउन प्रेरित यस क्षेत्रका हामी तमाम पेशाकर्मीहरुलाई हाम्रो गाँस खोसेर यो देशमा तिमिहरुको भविष्य छैन भनी सामाजिक सुरक्षा योजनाले भन्न खोजेको त अवश्य होइन ? निरउत्तर ! किमकर्तव्य विमुढ कर्मचारी !

१४. सामाजिक सुरक्षा कोष जस्तै प्रकृतिका कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित नागरिक लगानी कोषले जस्तै सामाजिक सुरक्षा कोषमा आबद्धताको विषयलाई स्वेच्छिक गरियोस् ।

१५. सामाजिक सुरक्षा कोष ऐन, कार्यविधि तथा नियमावलीमा यस युनियनको सुझाव अनुसार संशोधन पश्चात मात्र सहभागी हुनको लागि सूचिकृत हुने अवधि एक वर्षको लागि थप गरियोस् ।

माथि उल्लिखित विषयहरुमा जिम्मेवार निकायबाट यथासमयमा समाधानका उपायहरु निकाली हामी सबैको वर्गीय हित खोजिनेछ र यस योजनामा सहभागी हुने वातावरण सृजना हुनेछ भन्ने विश्वास लिएका छौं । हामी द्वन्द होईन समाधान चाहन्छौं ।

१) एभरेष्ट बैंक कर्मचारी संगठन

२) मेगा बैंक कर्मचारी युनियन

३) बैंक अफ काठमाण्डू कर्मचारी संघ

४) नबिल बैंक कर्मचारी संघ

५) सिद्धार्थ बैंक लि. कर्मचारी संघ

Scanned with CamScanner

(६) नेपाल बंगलादेश बैंक कर्मचारी संघ

नेपाल बंगलादेश बैंक लिमिटेड कर्मचारी संघ २०६३

(७) कुमारी बैंक कर्मचारी संघ

कुमारी बैंक कर्मचारी संघ २०६४

(८) प्रभु बैंक वित्तिय संस्था कर्मचारी युनियन

प्रभु बैंक वित्तिय संस्था कर्मचारी युनियन स्थापना: २०७०

९.) प्राइम कमर्सियल बैंक कर्मचारी संघ

प्राइम कमर्सियल बैंक कर्मचारी संघ स्थापित २०७०

१० सिभिल बैंक कर्मचारी संघ

सिभिल बैंक कर्मचारी संघ २०७२

११) सुर्या लाइफ इन्स्योरेन्स क. ~~ले~~ संघ

सूर्या लाइफ इन्स्योरेन्स कर्मचारी संघ SLICEU केन्द्रिय कार्यालय ज्ञानेश्वर, काठमाडौं

१२. एन आई सी एसिया बैंक क. संघ

ANICABS Association of NIC ASIA Bank Staff 2066

१३ हिमालयन बैंक कर्मचारी संगठन

Himalayan Bank Employees Union हिमालयन बैंक कर्मचारी संघ

Scanned with CamScanner

१४. माछापुच्छ्रे बैंक लि. कर्मचारी संघ

१५. राष्ट्रिय लाइफ इन्स्योरेन्स स्वतन्त्र कर्मचारी युनियन

१६) गुराँस लाइफ कर्मचारी (युनियन) संघ

१७) नेपाल एसबिआई बैंक कर्मचारी संघ

१८) लक्ष्मी बैंक कर्मचारी संघ

१९ एन. सि. सि. बैंक स्वतन्त्र कर्मचारी युनियन

२० नेपाल वित्तीय संस्था कर्मचारी संघ, को सं. १०५ ।-

Scanned with CamScanner

२१. नेपाल वित्तिय संस्था कर्मचारी संघ
नेपाल बैंक लि. (FIEUN NBL)

२२. नेपाल वित्तिय संस्था कर्मचारी संघ
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

२३. नेपाल वित्तिय संस्था कर्मचारी संघ
राष्ट्रिय बीमा कम्पनी लि.

२४) नेपाल वित्तिय संस्था कर्मचारी संघ
कृषि विकास बैंक, लि. रामशाहपथ

२५) नेपाल वित्तिय संस्था कर्मचारी संघ, नागरिक लगानी कोष

२६) नेपाल वित्तिय संस्था कर्मचारी संघ, डिप्रोक्स लघुवित्त वि.सं. लि.

२७

२८ नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय बीमा संस्थान

२८) नेपाल वित्तीय संस्था कर्मचारी संघ
ग्रामीण विकास लघुवित्त वित्तीय संस्था

२९) नेपाल वित्तीय संस्था कर्मचारी संघ
नाडेप लघुवित्त वित्तीय संस्था ले.

बोधार्थ :

१) नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ।

२) नेपाल सरकार अर्थ मन्त्रालय ।

३) श्रीमान् गभर्नर ज्यू, नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौ ।

४) श्रीमान् अध्यक्ष ज्यू, बीमा समिति कुपण्डोल, ललितपुर ।

५) श्रीमान् अध्यक्ष ज्यू,नेपाल धितोपत्र बार्ड ।

६) श्रीमान् पञ्जिकाधिकारी ज्यू, श्रम कार्यालय, बागमती ।

७) श्रीमान् संचालक समिति सदस्यज्यूहरु,सामाजिक सुरक्षा कोष ।

८) श्रीमान् अध्यक्ष ज्यू, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (JTUCC)

९) श्रीमान् प्रमुख ज्यू, ILO Nepal Office

१०) श्रीमान् अध्यक्ष ज्यू, नेपाल ट्रेड युनियन काँग्रेस (NTUC)

११) श्रीमान् अध्यक्ष ज्यू, Union Network International Nepal Liasion Council (UNI NLC)

१२) श्रीमान् अध्यक्ष ज्यू, नेपाल ट्रेड युनियन महासंघ (GEFONT)

१३) श्रीमान् अध्यक्ष ज्यू, अखिल नेपाल ट्रेड युनियन महासंघ (ANTUF)

१४)श्रीमान् अध्यक्ष ज्यू, नेपाल वित्तीय संस्था कर्मचारी संघ (FIEUN)

१५) श्रीमान् अध्यक्ष ज्यू, नेपाल बैंकर्श एशोसियसन ।

१६) श्रीमान् अध्यक्ष ज्यू, नेपाल बीमक संघ ।

१७) श्रीमान् अध्यक्ष ज्यू, डेभलपमेन्ट बैंकर्स एसोसियसन अफ नेपाल ।

१८) श्रीमान् अध्यक्ष ज्यू, नेपाल वित्तीय संस्था संघ ।

१९) श्रीमान् अध्यक्ष ज्यू,नेपाल लघुवित्त बैंकर्स संघ

२०) श्रीमान् अध्यक्ष ज्यू, नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI)

२१) श्रीमान् प्रमुख कार्यकारी अधिकृत ज्यू, सम्पूर्ण कमर्सियल बैंकहरु/सम्पूर्ण बीमा कम्पनी/अन्य वित्तीय संस्थाहरु ।

२२) श्रीमान् प्रमुख कार्यकारी अधिकृत ज्यू,सामाजिक सुरक्षा कोष, बबरमहल, काठमाण्डौ ।

Scanned with CamScanner